आज मिति २०७५।०३।०८ गते बुद्धभूमी नगरपालीका नगर कार्यपालीकाको बैठक बुद्धभूमी नगरपालीकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यापालीकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स | नाम,थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | कपिलदेव तिवारी |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमलादेवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | बि.मला |
| १७ | श्री सरस्वती कुवँर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्पसंख्या सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्पसंख्या सदस्य | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्पसंख्यासदस्य | बुद्धभूमी न.पा. २ | रामदेवपासी |
| २१ | श्री मेघनाथ पाध्या | सदस्य सचिव | बुद्धभूमी न.पा. | |

अन्य उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| २२ | श्री केशवराज भट्टराई | शाखा अधिकृत | बुद्धभूमी न.पा. | |
| २३ | श्री चिरञ्जिवी आचार्य | सा,विकास शाखा | बुद्धभूमी न.पा. | |
| २४ | श्री हेमकान्त खनाल | प्रशासन शाखा | बुद्धभूमी न.पा. | |
| २५ | श्री बिमर्श खनाल | सूचना तथा प्रविधि शाखा | बुद्धभूमी न.पा. | |
| २६. | श्री जियाउर्रहमान खाँन | लेखापाल | " | |

## २०७५ असार ०८ गतेको कार्यपालिकाको निर्णयहरु :

१. आ.व.०७४।७५ का पूर्वाधार विकास योजना तथा कार्यक्रमहरुको समिक्षा

निर्णय: यस बुद्धभूमी नगरपालिका अन्तर्गतका सबै वडा अध्यक्ष ज्यूहरुले आ.व.०७४।७५ को स्वीकृत योजनाहरुको विस्तृत विवरणहरु प्रस्तुत गर्नुभयो जस अन्तर्गत धेरैजसो वडाहरुमा संचालित योजनाहरुको काम सम्पन्न भैसकेका साथै फरफारक समेत भैसकेका र केही वडाहरुमा बांकी रहेका योजनाहरु समेत असार १५गते भित्र सम्पन्न भई सक्ने व्यहोरा प्रस्तुत भयो सो सम्बन्धमा काम सम्पन्न भई भुक्तानी बांकी रहेका योजनाहरुको समेत १५ गते भित्र अनिबार्य रुपमा फरफारक गर्न सम्बन्धीत वडाबाटै सबै उपभोक्ताहरुसंग समन्वय गरि सम्पन्न गर्ने गरी निर्णय गरियो।

२. हालसम्मको आम्दानी खर्चको आंकलन

निर्णय: यस नगरपालिकाको हालसम्मको आम्दानी खर्च मध्ये आम्दानी तर्फ १ करोड १२ लाख र खर्च तर्फ (वित्तीयमा) २३ करोड खर्च भैसकेको ब्यहोरा कार्यपालिकामा जानकारी प्रस्तुत भयो र समिक्षा समेत भयो र समयमै खर्चको लक्ष्य हासिल गर्नको लागि सबै तहबाट पहल गर्ने निर्णय गरियो।

३. योजनाहरुको म्याद थप

निर्णय: विभिन्न वडाहरुमा विविध कारणवस हालसम्म सम्पन्न भैनसकेका योजनाहरुको म्याद असार २१ गतेसम्म थप गरि निर्माण कार्यको गुणस्तरीयता कायम गर्न अनुगमन कार्यमा जोड दिंदै उक्त मितिभित्र योजनाहरुको भुक्तानी तथा फरफारक गर्ने निर्णय गरियो।

४. आ.व. ०७५।७६ को नीति तथा कार्यक्रम स्वीकृत

निर्णय: यस नगरपालिकाको मिति:२०७५।०३।१० गते तय गरिएको नगरसभामा आ.व.०७५।७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नको लागि कार्यपालिका बैठकबाट छलफल भई प्राप्त सुझाव सल्लाहरुलाई समेत समावेश गरी नगर सभामा प्रस्तुत गर्नको लागि नीति तथा कार्यक्रम पारित गरियो।

५. ऐन, नियम, कार्यविधी सम्बन्धी

निर्णय: तपसिल बमोजिमका ऐन हरुलाई स्वीकृत गरी छलफल तथा पारित गर्नको लागि नगर सभामा लैजाने र कार्यविधीहरुलाई यसै कार्यपालिकाबाट स्वीकृत तथा पारित गर्ने निर्णय गरियो।

| सि.नं | ऐन, नियम र कार्यविधीहरुको विवरण | कैफियत |
|---|---|---|
| ०१ | बुद्धभूमी नगरपालिकाको प्रशासकिय कार्यविधी नियमित गर्न बनेको विधेयक-२०७५ | कार्यपालिकाबाट स्वीकृत गरी नगरसभाबाट पारित गर्नको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो |
| ०२ | एकिकृत सम्पत्ति कर ब्यवस्थापन कार्यविधी | कार्यपालिकाबाट स्वीकृत गरी नगरसभाबाट पारित गर्नको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो |
| ०३ | बुद्धभूमी नगरपालिकाको सहकारी विधेयक-२०७५ | कार्यपालिकाबाट स्वीकृत गरी नगरसभाबाट पारित गर्नको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो |
| ०४ | बुद्धभुमी नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक-२०७५ | कार्यपालिकाबाट स्वीकृत गरी नगरसभाबाट पारित गर्नको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो |
| ०५ | बुद्धभूमी नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी-२०७५ | यसै बैठकबाट स्वीकृत तथा पारित गरी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो । |
| ०६ | बुद्धभुमी नगरपालिकाको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी-२०७५ | यसै बैठकबाट स्वीकृत तथा पारित गरी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो । |
| ०७ | "घ" बर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधी, २०७५ | यसै बैठकबाट स्वीकृत तथा पारित गरी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो । |

६. आ.व. ०७५।७६ को आय, व्यय र योजना तथा कार्यक्रम तयारी सम्बन्धमा।

निर्णय: यस नगरपालिकालाई आ.व. ०७५/७६ मा प्राप्त हुने संघिय सरकार, प्रदेश सरकार र आन्तरिक आम्दानीको अनुमानित सिमा भित्र रही मिति:२०७५।०३।०७ गते बसेको स्रोत अनुमान तथा सिमा निर्धारण समितिबाट आय र व्ययको सिमा निर्धारण भई तपसिल अनुसार प्राप्त भएकोले अगामी असार १५ गते भित्र प्रत्येक वडाहरूबाट योजना तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी नगरपालिकामा पेश गर्ने निर्णय गरियो।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

Scanned by CamScanner

७. विविध

७.१ यस नगरपालिकाका विभिन्न ठाउँहरुमा रहेका केही तालहरु समुदाय स्तरबाट ठेक्का लगाउँदै आएको भन्ने बुझिएकोले त्यस्था तालतलैयाहरुको पहिचान र अध्ययन गरी नगरपालिका मार्फत संचालन हुनेगरी व्यवस्था मिलाउन पहल गर्ने निर्णय गरियो ।

७.२ बुड्ढी देउरी ताल मर्मत सम्भार कार्यको लागि आन्तरीक आम्दानीबाट रु.५लाख छुट्टाईएको र आन्तरीक आम्दानी तर्फ प्रयाप्त बजेट नहुँदा ३ लाख को सिमा भित्र रही कार्यगर्न सम्झौता भई कार्य भई रहेको ले थप २ लाख समेत सो योजनाको लागि आन्तरीक आम्दानीबाट छुट्टयाउने निर्णय गरियो ।

७.३ कार्यालयको गेट अगाडी संचालनमा रहेको होटल टंकी अन्यत्र नियमानुसार संचालन गर्न अनुरोध गर्दै गेट अगाडीबाट हटाउने निर्णय गरियो ।

७.४ यस नगरपालिका अन्तर्गत गौतम बुद्ध मा.वि. गोरुसिंगे र भृकुटी मा.वि. बुड्ढी मा संचालित प्राविधिक धार तर्फ कक्षा ११ को समेत संचालनको लागि अनुमतीको लागि सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

७.५ यस नगरपालिका अन्तर्गत घोगवा खोला, मसुरे घाट र महुवा गरी ३ स्थानहरुमा झोलुङ्गे पुलको अनिवार्य आवश्यकता देखिएकोले सो को लागि संघिय सरकार, प्रदेश सरकार लगायत सम्बन्धीत निकायहरुमा पहल गर्ने निर्णय गरियो ।

७.६ यस बुद्धभूमी नगरपालिका क्षेत्रभित्रबाट कवाड संकलन तथा निकासी ठेक्काको लागि रु.२ लाख ५०हजार न्यूनतम मूल्य कायम गरी सूचना गर्ने निर्णय गरियो ।

७.७ क्रेसर निकासी तर्फ चंघाट लाई १२ लाख, बडहरालाई २ लाख, चेत्रादेही लाई १ लाख न्यूनतम मूल्य कायम गरी ठेक्का प्रक्रियामा लैजाने निर्णय गरियो ।

७.८ पटके सबारी तर्फ टिक्कर-बुड्ढी-विजगौरी, डुमरा-महाराजगंज लगायत कूल २लाख ५०हजार न्यूनतम मूल्य कायम गरी ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

७.९ गोरूसिगें, ईमिलिया, बुड्ढी हाटबजारहरुको गत सालको दररेटलाई न्युनतम अंक कायम गरी अगामी आ.व. ०७५/७६ का लागि ठेक्का प्रक्रियामा लैजाने निर्णय गरियो ।

७.१० आर्थिक सहायता तर्फ निम्नानुसारको ब्यक्तिहरुलाई विपद् व्यवस्थापन शिर्षकबाट निम्नानुसारको रकम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

१. रामानन्द यादवलाई रु.१०।- हजार वडा नं. ४ करनौलिया

२. झवि कुमाल लाई रु.१०।- हजार वडा नं. ४ कुमालटोल

नगर प्रमुख

मेघनाथ पाध्या
प्रमुख प्रशासकीय अधिकृत
(उप सचिव)

Scanned by CamScanner